TRANSPARENCY INTERNATIONAL NEPAL
coalition against corruption
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

www.tinepal.org

जि.प्र.का. काठमाडौं दर्ता नं. ८७/०५३/०५४
समाज कल्याण परिषद् आ. नं. १४०११

P.O. Box 11486, Chakubaku Marg, New Baneshwor, Kathmandu, Nepal
Tel: +977 1 4475062, 4475112, 4475262 Fax: + 977 1 4475112
E-mail: trans@tinepal.org

च. नं.

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

२०७५ वैशाख २४

**प्रेस विज्ञप्ति**

# फौजदारी अभियोग लागेपछि सांसद पद निलम्बन नहुने प्रावधान त्रुटिपूर्ण

प्रतिनिधिसभा र राष्ट्रिय सभा नियमावली मसौदा समितिले फौजदारी अपराधमा संलग्न भएर अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा बस्दा पनि संघीय सांसदहरूको पद निलम्बन नहुने प्रावधान सिफारिस गरेको छ । समितिको बैठकले यस्तो प्रावधानसहितको मसौदा नियमावली संसदमा पेश गरेको हो । यस घटनाप्रति ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको ध्यान आकृष्ट भएको छ ।

यसअघिको व्यवस्थापिका संसदको नियमावलीमा *'तीन वर्ष वा सो भन्दा बढी कैद सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षका लागि थुनामा रहेको अवधिभर त्यस्तो सदस्यलाई सभामुखले निलम्बन गर्नुपर्ने'* प्रावधान रहेको थियो । त्यसैगरी समितिको बैठकमा छलफलका लागि सचिवालयद्वारा प्रस्तुत मसौदामा *'... निलम्बन गर्नुपर्ने'* प्रावधान राखिएको थियो ।

सबैखाले फौजदारी अभियोगहरूका हकमा उही नीति अवलम्बन गर्न नसक्नु संसदको ठूलो कमजोरी हो । भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार कुनै सरकारी पदाधिकारी विरूद्ध भ्रष्टाचार मुद्दा दायर भएमा त्यसको छिनोफानो नहुन्जेल त्यस्ता पदाधिकारी स्वतः निलम्बन हुने व्यवस्था छ । भ्रष्टाचार पनि फौजदारी अपराध नै हो । यो ऐनको प्रावधान र अहिले मसौदा गरी संसदमा प्रस्तुत नियमावली विरोधाभाषपूर्ण देखिएको छ ।

फौजदारी अभियोग लागेपछि निलम्बन नहुने प्रावधान नियमावलीमा राख्दा देशको राजनीतिमा आपराधिक प्रवृत्ति मौलाउने ठहर हामीले गरेका छौं । नेपालमा भ्रष्टाचार बढ्नुको मूल कारण राजनीतिमा अपराधीकरण बढ्नु हो । चरित्रवानहरूबाट राज्य सञ्चालन हुन सकेमात्र देशमा सुशासन अभिवृद्धि हुन्छ यसका लागि संसद पनि तयार हुनुपर्छ ।

फौजदारी अभियोग लागेपछि निलम्बन नहुने प्रावधान त्रुटिपूर्ण भएको हुँदा टीआई नेपाल संसदमा पेश गरिएको नियमावलीबाट यस्ता प्रावधान सच्याउन विशेष आग्रह गर्दछ ।

श्रीहरि अर्याल (वरिष्ठ अधिवक्ता)
**अध्यक्ष**